## अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।११।२७ गते।
नेपाल सम्बत् : ११४४ सिल्लागा ३० आइतबार

# प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गलत प्रतिवेदन पेश गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०८०।११।२७ (नेपाल सम्बत् : ११४४ सिल्लागा ३० आइतबार) गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा विशेष अदालतबाट भएका फैसलामा चित्त नबुझी मिति २०८०/११/२७ (नेपाल सम्बत् : ११४४ सिल्लागा ३० आइतबार) गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरण :-

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र.फणिन्द्र भट्टराई,योगेन्द्र प्रसाद यादब, डिल्लीराम कोइराला, श्यामप्रसाद लो** (वि.अ. को मु.नं. ०७५-CR-०२५०), वि.अ. को फैसला मिति २०८०।०३।२५) | **गलत प्रतिबेदन पेश गरी भ्रष्टाचार गरेको।** | (क) मालपोत कार्यालय, धरानका तत्कालीन मालपोत अधिकृत फणिन्द्र भट्टराईको हकमाः<br>धरान नगरपालिका वडा नं ११ग कि.नं. ३६ को ज.वि.०-११-५ जग्गाको श्रेस्ता कायम गरी जग्गाधनी प्रमाण पुर्जा पाउँ भनी धरान नगरपालिका वडा नं १४ बस्ने कर्ण बहादुर राईले पेस गरेको निवेदनमा जग्गा नामसारी गरी श्रेष्ता कायम गर्ने भई मालपोत अधिकृत फणिन्द्र भट्टराईले गलत लिखत तयार गर्ने गराउने एवं कागजात सच्याई भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुर गरेको देखिँदा निज प्रतिवादी मालपोत अधिकृत फणिन्द्र भट्टराईलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिम सजाय हुन ।<br><br>(ख) मालपोत कार्यालय, धरानका तत्कालीन नायब सुब्बा डिल्लीराम कोइरालाको हकमाः<br>मालपोत कार्यालय, धरानका मुद्दा शाखामा कार्यरत ना.सु. डिल्लीराम कोइरालाले मालपोत कार्यालय, धरानको मुद्दा तथा प्रशासन शाखामा कार्यरत रहँदा फिल्डबुकमा स्पष्ट रूपमा नाम, ठेगाना र सहिछाप नभएको अवस्थामा मालपोत कार्यालयबाट नै फिल्ड सर्जमिन हुनुपर्ने, कानून विपरीत मलाई समेत थाहा नदिई ७ दिने सूचना निकाल्ने काम मालपोत अधिकृत फणिन्द्र भट्टराई र ना.सु. | **फैसलाः**<br>(क) उक्त कित्ता नं ३६जग्गाको फिलबुकको जग्गाधनी महल को सहिछापमा लागेको ल्याप्चे सहीछाप नापी गर्दाको बखतमा जग्गावालाको नभई पछि प्रतिबादी कर्ण बहादुर राई र योगेन्द्रप्रसाद यादबको मिलोमतोमा थप भएको भन्ने देखिएको।सो पेश भएको फिल्डबुक किर्ते ठहर भएको। सोही कोर्ते फिल्डबुकको आधारमा कि.नं ३६ को जग्गा प्रतिबादी कर्ण बहादुर राइको नाममा नामसारी श्रेष्ता कायम गर्ने गरी मालपोत कार्यालयले निर्णय गरेको।<br><br>**(ख)** जालसाज मु.नं २६-०७२-CP-०९००० को मुद्दामा पेश भएको कि.नं ३६ जग्गाको फिल्डबुकको उत्तारको प्रमाणीत प्रतिलिपीमा जग्गाधनीको सहीछाप महलमा ल्याप्चे सहीछाप भएको नदेखिंएको।<br><br>**(ग)** फिल्डबुकमा भएको यथार्थ बिबरण नदिइ नापी कार्यालयका सर्भेक्षक योगेन्द्र प्रसाद यादबले "जग्गाधनी प्रमाणपूर्जा लिन मात्र बाँकि रहेको" भनी बोल्नै नपर्ने कुरा कागजातमा पारी गलत फिल्डबुकको ब्यहोरा समेत उल्लेख गरी नापी कार्यालयका प्रमुखको उपस्थितिमा पनि निमित्त कार्यालय प्रमुखको छाप लगाई मालपोतमा पत्राचार गरेको।" फिल्डबुकको कैफियत महलमा यो जग्गा धरान न.पा. वडा नं १ बस्ने खगेन्द्रकुमारीको नंम्बरी हो " भनी पंचायत प्रतिनिधीले मात्र साही गरेको देखिएको।तसर्थ | बिशेष अदालत,काठमाण्डौबाट प्रतिवादीहरू मध्ये खरिदार श्याम प्रसाद लोले अभियोग दाबीबाट सफाई पाउने र अन्य प्रतिबादीहरू नापी कार्यालय,धरानका सर्भेक्षक योगेन्द्र प्रसाद यादब, मालपोत कार्यालय, धरानका ना.सु डिल्लीराम कोईराला , मा.पो.का.अधिकृत फणिन्द्र भट्टराईले आरोपीत कसुरको दावी भन्दा कम कम सजाय कायम हुने गरी भएको फैसला देहाय बमोजिमका कानुनी आधार र प्रमाणहरुबाट उक्त हदसम्म त्रुटिपूर्ण रहेको:<br><br>i) प्रतिवादीहरु मा.पो.का धरानका प्रमुख फणिन्द्र भट्टराई र ना.सु डिल्लिराम कोइरालाको हकमाः<br>प्रस्तुत् मुद्धामा प्रतिवादीहरु डिल्लीराम कोइराला र श्याम प्रसाद लोले तयार गरेको टिप्पणी , नापी कार्यालयका सर्भेक्षक योगेन्द्र प्रसाद यादवले सही गरी प्रेषित नापी कार्यालयको मिति २०७२/८/८ को पत्र र सर्जमिन एबं आबरण-पत्र ( Covering letter) मा "जग्गाधनी प्रमाण पूर्जा लिन मात्र बाँकि रहेको " उल्लेख गरे वमोजिम नै श्रेस्ता कायम गर्ने र नामसारी समेत हुने निर्णय सहित मिति २०७२/९/२ मा मालपोत अधिकृत फणिन्द्र भट्टराईले टिप्पणी सदर गरेको। फैसलाको प्रकरण नं. ९६ मा मालपोत ऐन, २०३४ को दफा ७(२) तथा नियमावलीको नियम ४(क) को उपनियम (२) वमोजिमको कानूनी व्यवस्थाको जानीजानी अनदेखा गरी जग्गा दर्ता नै नभएको कि.नं. ३६ जग्गाको गलत नामसारी श्रेस्ता तयार गर्ने कार्यमा प्रतिवादिहरु डिल्लीराम कोइराला, फणिन्द्र भट्टराई समेतको संलग्नता देखिन आएको अदालतको फैसलाबाट स्वीकार गरी बसेको स्थिती पाइएको।कर्मचारीले आफ्नै मालपोत कार्यालय, धरानमा विवादित कि.नं. ३६ को जग्गाको आमा खगेन्द्र कुमारी राईको नामबाट मेरो नाममा नामसारी श्रेस्ता कायम गरी जग्गाधनी प्रमाणपूर्जा पाउन कर्ण बहादुर राई, धरान १४ को निवेदन मिति २०७२/८/७ मा द.नं. १०१७ मा दर्ता भई कार्वाहि चरणमा मोठ कम्प्युटर शाखाबाट "साविक लगत कार्यालयमा नभएको र उक्त धरान ११(क) कि.नं. ३६ साविकमा दर्ता नदेखिएको "भन्ने मोठबाट र धरान ११ (ग) कि.नं. ३६क इन्ट्रि देखिएन भन्ने कम्प्युटर फाँटद्वारा कैफियत व्यहोरा लेखी पठाएको समेतबाट उक्त कि.नं. ३६ को जग्गा मालपोत कार्यालयमा दर्ता श्रेस्ता नै नभएकोमा श्रेस्ता कायम भएको सो अर्थ गरी फिल्डबुकमा "यो जग्गा धनी धरान वडा नं. २ बस्ने खगेन्द्र कुमारीको नम्बरी हो "भनि उल्लेख |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | डिल्लीराम कोइरालाबाट भएको देखिन्छ भनी तत्कालीन कार्यालय प्रमुख भिम प्रसाद गौतमले आफ्नो बयानमा खुलाई दिएको समेतबाट निज ना.सु. डिल्लीराम कोइरालाले गलत लिखत तयार पारी प्रतिवेदन समेत पेस गरेको देखिँदा निज ना.सु. डिल्लीराम कोइरालाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुर गरेको देखिँदा निज प्रतिवादी डिल्लीराम कोइरालालाई भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिम सजाय हुन ।<br><br>(ग) नापी कार्यालय, धरानका तत्कालीन सर्भेक्षक योगेन्द्र प्रसाद यादवको हकमाः<br>नापी कार्यालय, धरानका सर्भेक्षक योगेन्द्र प्रसाद यादवको हकमा निजले गलत प्रकृयाबाट तयार पारेको सर्जमिन मुचुल्का, कार्यालय प्रमुख कार्यालयमा हाजिर हुँदाहुँदै कार्यालय प्रमुखलाई जानकारी नदिई निमित्त कार्यालय प्रमुख भनी आफैले हस्ताक्षर गरी मालपोत कार्यालय, धरानमा मिति २०७२।०८।०९ गते रायसहित लेखी पठाएको देखिएको ,जग्गाधनीको महलमा सहिछाप गरेको फिल्डबुकको प्रतिलिपि आधिकारिक नभएको र नापी कार्यालय, धरानको मिति २०७२।०८।०९ को मालपोत कार्यालय, धरानलाई लेखेको पत्रमा बिना आधार कि.नं. ३६ को जग्गा साविककै अवस्थामा फिल्डबुक कायम भई फिल्डबुकको सहिछाप महलमा दर्ता प्रमाणित भई जग्गाधनी प्रमाण पुर्जा लिन मात्र बाँकी रहेको हुँदा उक्त कित्ता जग्गाको जग्गाधनी प्रमाण पुर्जा दिएमा फरक नपर्ने भनी कार्यालय प्रमुख कार्यालयमा हाजिर हुँदाहुँदै बदनियतपूर्वक कागज बनाई सर्भेक्षक योगेन्द्र | कर्ण बहादुर राईको निबेदनका आधारमा जग्गाको दर्ता लगत नै नभएको जग्गालाई मालपोत ऐन,२०३४ को दफा ७(२) तथा मालपोत नियमाबली ,२०३६ को नियम ४ ”क’ को उपनियम (२) बमोजिमको कानूनी ब्यबस्था भएकोमा पनि सोलाई जानीजानी अनदेखा गरी जग्गादर्ता नै नभएको कि.नं ३६ को जग्गाको गलत नामसारी श्रेष्ता तयार गर्ने कार्यमा प्रतिबादीहरू ना.सु डिल्लीराम कोईराला र मा.पो.काअधिकृत फणिन्द्र भट्टराईको संलग्नता रहे देखिन आएबाट निज प्रतिबादीहरूले भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ९ को कसुर पुष्टि हुन आएकोले प्रतिबादीहरुलाई कसुरको मात्रा अनुसार जनही ३ महिना कैद र रू १००००/- जरिवाना हुने। दर्ता प्रमाणीत नै नभएको जग्गाको दर्ता प्रमाणीत भएको भनी नभएको कुरा उल्लेख गरी भए गरेको कुरा लुकाई छिपाई गलत पत्र लेखी गलत प्रतिबेदन पेश गरेकोले निज नापी सर्भेक्षक योगेन्द्र प्रसाद यादवले भ्रष्ट्राचार निवारण ऐन,२०५९ को दफा १९(२) बमोजिमको कसुर गरेकोले निजलाई ३ महिना कैद र रु १००००/- जरिवाना हुने।<br><br>**(घ)** प्रतिबादी कर्ण बहादुर राईकी आमा खगेन्द्रकुमारी हुन् भन्ने कुरा फिल्डबुकमा कतै उल्लेख छैन। यस्मा, प्रतिबादी कर्ण बहादुर राईले उपर भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ८(४) को आरोपदाबी रहेकोमा निजको हकमा सो दफा ८(४) आकर्षित हुने नभई निज उपर भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ९ को कसुरको मतियार भई दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसुर गरेको हुँदा निजलाई सोही दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम निजलाई ३महिना कैद र रु १००००/- जरिवाना हुने। | भएको अकात्य विवरणलाई गैर कानूनी तरिकाले सच्चाउन अर्थात धरान १४ का बस्ने कर्ण बहादुर राईका आमा देखाई अर्को व्यहोरा पारी सरकारी कागजात सच्चाउने सम्मको कार्य (कसुर) गरेको प्रतिलिपी पठाउँदा सहि (औठाछाप,signature) थपघट गर्ने वा हेरफेर गर्ने खाले गरेको कार्य र गैर कानूनी तवरबाट विधि छली श्रेस्ता तयार गर्ने सम्मको कार्य भएकोले स्वतः भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ११ आकर्षित हुनेमा पनि विशेष अदालतबाट फैसला हुँदा पूर्णपाठको प्रकरण नं. ९० मा ऐ को दफा ११ पुग्न सक्ने देखिन आएन भन्ने उल्लेखित तर्क असान्दर्भिक (illogical) र कानून मनसाय विपरित भएको। प्रस्तुत मुद्धामा नापी कार्यालय, धरानको कि.नं. ३६ को फिल्डबुकमा थपघट गर्ने कार्य गराएको मात्र नभै सो फिल्डबुक मै जग्गाधनी धरान वार्ड नं. १ का खडग कुमारी भनी स्पष्ट खुली रहँदा समेत सोलाई अनदेखा गर्दै धरान वार्ड नं. १४ का व्यक्ति विशेषका वासीलाई फिल्डबुक कै नामांकित व्यक्ति नै हो भनी मालपोत कार्यालयबाट सर्जमिन गर्दै नगरी छुट जग्गाको लागि कानून बमोजिम कायम समिति मार्फत कुनै सिफारिस/निर्णय विना नै अवैध तवरबाट टिप्पणी उठाउन लगाई कथित ७ दिने हकदाबीको सुचाना टाँस गरेको देखाई मिति २०७२/९/२ मा टिप्पणी सदर गरी कि.नं. ३६ को हकमा नामसारी दर्ता कायम गरेको कार्य ( नभएको लगत/झुठो ब्यहोरा सही सत्य भन्दै सर्जमिनको बिधी नपुर्‍याई, समितीमा पेश नगरी भएको कार्य)स्वतं भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ११ ले निषेध गरेको गैर कानूनी तरिकाले समेत रेकर्ड सच्चाउने, थपघट गर्ने वा हेरफेर गर्ने वर्गमा पर्ने नै भएकोमा त्यस तर्फको कसुर कायम नगर्ने गरी फणिन्द्र भट्टराई र डिल्लीराम कोईरालालाई ऐ दफाको दाबीबाट सफाई दिनु गलत एवं कानूनको व्याख्या विपरित भएको देखिएको। यी प्रतिवादीहरुले मिति २०७२/९/२ को टिप्पणीमा सहिछाप गरेको,आफ्नो राय सहित कागज लिखत बनाएको साथै सो को लगत फिल्डबुकको जग्गाधनी महलमा ब्यहोरा जनाई दिनु भनी ५/६ महिना पछि नापी कार्यालयमा पत्राचार समेत गरेको स्थितीमा सो कार्यको परिणाम मुलक कार्यका कारणी प्रतिवादीहरुका संयुक्त षडयन्त्र मार्फत मनसाय प्रेरित भई अन्जाम (Result) दिने हेतुले उक्त कार्य गरेको स्पष्ट रहेको हुनाले त्यस्तो गैर कानूनी गलत कार्यमा समेत हेरफेर, थपघट, कागजात सच्याउने कुनै कार्य गरेको नभएको भन्ने गलत व्याख्या भई प्रतिवादीहरु उपरको ऐ दफा ११ को कसुरको अभियोग माथिका कार्यहरु गरे सम्मका आधारमा नपर्ने भनी सो दफा ११ को आरोप दावी पुग्न नसक्ने भन्ने हदमा विशेष अदालतको फैसला बदर गरी अभियोग मागदावी वमोजिम प्रतिवादिहरुलाई ऐ ऐन दफा ११ को कसुरमा दफा ११ बमोजिम सजाय गरी पाउँ।<br>साथै, विशेष अदालतले नीज प्रतिवादीहरु मध्ये फणिन्द्र भट्टराई र डिल्लीराम कोइरालालाई भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ९ को कसुरमा कसुरदार ठहर्याई न्यूनतम मात्र सजाय गरेको फैसला सो हदमा मिलेको नदेखिंएको। किनभने निबेदक बनी आएका कर्ण बहादुर राई नै आफै नक्कली व्यक्ति-विशेष बनाई फिल्डबुकमा कि.नं. |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रसाद यादवले मालपोत कार्यालय,धरानमा पत्र पठाएको तथा निजले तयार पारेको सर्जमिन मुचुल्का जग्गा प्रशासन कार्यविधि भाग ३, परिच्छेद १ को छुट जग्गा दर्ताको बुँदा नं १.९ विपरीत तयार पारी गलत प्रतिवेदन पेस गरी निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कसुर गरेको देखिँदा निज प्रतिवादी नापी कार्यालय, धरानका तत्कालीन सर्भेक्षक योगेन्द्र प्रसाद यादवलाई ऐ. ऐनको दफा १९(२) बमोजिम सजाय हुन ।<br><br>(घ) मालपोत कार्यालय, धरानका तत्कालीन खरिदार श्याम प्रसाद लोको हकमाः<br><br>मालपोत कार्यालय, धरानको मुद्दा तथा स्टोर शाखामा कार्यरत खरिदार श्याम प्रसाद लोले खगेन्द्र कुमारीको नामबाट कर्ण बहादुर राईको नाममा मिति २०७२।०९।०२ गते श्रेस्ता कायम गर्ने क्रममा मालपोत कार्यालय, धरानको मिति २०७२।०९।०२ को श्रेस्ता कार्यान्वयन गर्ने टिप्पणी र आदेश तयार गरी निर्णयको लागि पेस गरेको टिप्पणीमा निजको समेत हस्ताक्षर रहेको, निज उक्त फाँटमा कार्यरत समेत रहेको तथा नायब सुब्बा डिल्लीराम कोइरालाले आफ्नो बयानमा श्याम प्रसाद लोले र म समेतको हस्ताक्षर पछि नै उक्त कार्य भएको हो भनी बयान कागजमा लेखिदिएको समेतको आधारमा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुर गरेको देखिँदा निज प्रतिवादी खरिदार श्याम प्रसाद लोलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिम सजाय हुन मागदावी लिइएको छ। | **(ङ)** प्रतिबादी श्यामप्रसाद लोले गलत लिखत तयार गर्ने कार्यमा संलग्नता रहे भएको नदेखिंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११को आरोपदाबी पुष्टि हुन नसकी निज प्रतिवादी श्यामप्रसाद लोले अभियोग मागदाबीबाट सफाई पाउने।<br>**(च)** कसुरमा संलग्नता र भुमिका समान सजाय गर्न मनासिब देखिंदा सबै प्रतिबादीहरुलाई न्यूनतम सजाय गरे पनि सजायको उद्देश्य पूर्ति हुने देखिदा न्यूनतम सजाय गर्न मानासिब हुने देखियो।प्रतिबादीहरू उपरको अन्य आरोपदाबी पुग्न नसक्ने।<br><br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br><br>विशेष अदालत काठमाडौंले प्रतिवादीहरू मध्ये प्रतिबादी श्यामप्रसाद लोले अभियोग दावीको कसुर नपुगी सफाई पाउने र अन्य प्रतिबादीहरू नापी अभिक्षक योगेन्द्र प्रसाद यादब, ना.सु डिल्लीराम कोईराला , मा.पो.का.अधिकृत फणिन्द्र भट्टराई र कर्ण बहादुर राईले आरोपीत कसुरको दावी भन्दा फरक र कम सजाय हुने गरी फैसला गर्दा निम्न आधार ग्रहण गरेको देखिएकोः<br><br>**क).** प्रतिबादीहरू नापी अभिक्षक योगेन्द्र प्रसाद यादब, ना.सु डिल्लीराम कोईराला र मा.पो.का.अधिकृत फणिन्द्र भट्टराईको संलग्नता मा दर्ता कायम नै नभएको जग्गाको गलत नामसारी गरी श्रेष्ता तयार गर्ने कार्यमा आ-आफ्नो भुमिका रहेको देखिन आएबाट निज प्रतिबादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ को कसुर गरेको पुष्टि हुन आएको अबस्था छ। दर्ता प्रमाणीत नै नभएको जग्गाको दर्ता प्रमाणीत भएको भनी नभएको कुरा उल्लेख | ३६ मा खुलेका व्यक्तिको हकवाला भन्ने जिकिर गर्दै गलत तवरबाट छुट जग्गा समितिको कुनै सिफारिस नै नगराई नापी कार्यालय, धरानबाट नक्कली सहिछाप (औठाछाप) लगाउन दिई सोहि आधारमा सरकारी कार्यालयको श्रेस्ता कायम गर्ने (कि.नं. ३६ को श्रेस्ता बनाई नामसारी गरेको कसुर) समेत गरेको यस्तो निजामति सेवाका कर्मचारी स्वयंले सरकारी श्रेस्तामा गड्बड् गरी अपराध गर्नेलाई न्यूनतम सजाय गर्नु अपराधलाई प्रश्रय दिनु र ऐ ऐन दफा ९ को हकमा कानूनको स्वविवेकिय अधिकार(Discretionary power)लाई गलत प्रयोग गरेको समेत देखिंदा सो सजाय तोकिएको हदमा बदर गरी ऐ दफा ९ को उपदफा (२) बमोजिम दुबै प्रतिवादीहरूलाई अधिक्तम सजाय ( कैद/जरिवाना समेत) कायम गरि पाउन यो पुनराबेदन जिकिर लिईएको।<br><br>ii) प्रतिवादीहरु मा.पो.का धरानका खरिदार श्यामप्रसाद लो को हकमा :<br>मालपोत कार्यालय,धरानबाट सर्जमिन गर्दैं नगरी छुट जग्गाको लागि कानून बमोजिम कायम समिति मार्फत कुनै सिफारिस विना नै प्रतिवादीहरुका मिलोमतो सहीत टिप्पणी उठाउन लगाई मिति २०७२/९/२ मा टिप्पणी सदर गरी कि.नं. ३६ को हकमा नामसारी दर्ता कायम गरेको कार्य भ्रष्टाचारको कसुर जानीजानी गरेकोमा बिवाद नरहेको। प्रतिवादी श्याम प्रसाद लोले मिति २०७२/०९/०२ को टिप्पणीमा माथी उल्लेखित सबै ब्यहोरामा सहमति जनाई सहीछाप गरेको स्थीतिमा अन्यथा होकी भन्ने अबस्था कुनै हालतमा जायज नहुने, आफूलाई करकापमा पारी सही गराएको भन्ने कतै उजुरी/बिरोध पनि नगरेका समेत परिप्रेक्षमा जानीजानी सो टिप्पणीमा सही गरेकाले एउट्टै कसुरका अभियुक्त भइकन निज श्याम प्रसाद लो को हकमा समेत सम्मान तह (Footing)का कसुर गरेका आधार कारण कसुरदार ठहर्याई अभियोग मागदावी वमोजिम अधिकतम सजाय समेत गरी पाउँ। मनसाय प्रेरित भई अन्जाम (Result) दिने हेतुले उक्त टिप्पणी बनाई श्रेष्ता कायम गर्ने कार्य गरेको स्पष्ट रहेको हुनाले त्यस्तो गैर कानूनी गलत कार्यमा समेत हेरफेर, थपघट, कागजात सच्याउने ,रेकर्ड बिना श्रेष्ता बनाउने कुनै कार्य नभएको भन्ने गलत व्याख्या भएको अबस्था छ। तसर्थ यी प्रतिवादी समेत भई दाबीको कसुरजन्य कार्य सम्पादन गरेको प्रष्ट हुन आएकाले नीज प्रतिवादी उपर भ्रष्ट्राचार निवारण ऐन,२०५९ को दफा ९ र ११ बमोजिमको कसुर भएको देखिँदा निज प्रतिवादी खरिदार श्याम प्रसाद लोलाई आपराधिक गांभिर्यता (Gravity of crime )को अनुपातमा अधिक्तम सजाय कायम गरि पाउन यो पुनराबेदन जिकिर लिइएको।<br><br>iii) प्रतिवादी नापी सर्भेक्षक योगेन्द्र प्रसाद यादबको हकमाः<br>प्रतिवादी योगेन्द्र प्रसाद यादवले कि.नं. ३६ को फिल्डबुकको प्रतिलिपीमा नक्कली खड्का कुमारीको नाउँमा औठाछाप लगाउन दिई नापी कार्यालय, धरानका कार्यालय, प्रमुख कार्यालयमा उपस्थीत रहँदा रहँदै पनि आफैद्वारा ती फिल्डबुक प्रतिलिपी मिति २०७२/८/२ मा प्रमाणित गर्दै नापी कार्यालयको मिति२०७२।०८।०९ पत्रबाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (ङ) धरान नगरपालिका वडा नं. १४ का कर्ण बहादुर राईको हकमाः<br>जिल्ला सुनसरी, धरान नगरपालिका वडा नं. ११ग कि.नं. ३६ को जग्गा नामसारी दर्ता श्रेष्ता गरी पाउन निबेदक बनी आएका कर्ण बहादुर राईको जन्म मिति २००६/०९/१५, आमा राम माया राई, बाबु राम बहादुर राई भनी स्पष्ट खुली आएको, कि.नं. ३६ को जग्गा गैर कानूनी तरिकाबाट आफ्नो आमाको नामसँग मिल्दोजुल्दो जग्गाधनी खगेन्द्र कुमारी रहेको नामलाई वडा कार्यालय तथा सर्जमिनमा आफ्ना पक्षका व्यक्तिहरुको रोहवरमा खगेन्द्र कुमारी राई बनाउने गरी काम तामेल गर्ने प्रपञ्च मिलाई सिफारिस बनाई आफ्नो आमाको नामबाट आफ्नो नाममा ल्याई उक्त जग्गालाई कित्ताकाट गरी विभिन्न व्यक्तिहरुलाई बिक्रीवितरण समेत गरेको देखिँदा निज कर्ण बहादुर राईले भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादी कर्ण बहादुर राईलाई भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन । | गरी भए गरेको कुरा लुकाई छिपाई गलत पत्र लेखी गलत प्रतिबेदन पेश गरेको तथ्थ मिसिल कागजातबाट प्रमाणीत भएको।<br>**ख.**) प्रतिबादी कर्ण बहादुर राईले झूठो र किर्ते फिल्डबुक प्रतिलिपीसाथ निबेदनमा उल्लेख गरे जस्तै उनकी आमा खगेन्द्रकुमारी रही कित्ता नं ३६ को जग्गाधनी भएको तथ्य साबिकको नापी कार्यालयको फिल्डबुकमा कतै उल्लेख छैन। प्रतिबादी कर्ण बहादुर राईले भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ९ को कसुरको मतियार भई दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसुर गरेकोले सजाय हुने ।<br>**ग.**)जग्गा नामसारी गर्न मिति २०७२/०९/०२ को टिप्पणीमा सही सम्म गरेको कार्यद्वारा गलत तरिकाले भूमिका निभाई फिल्डबुकमा केरमेट /हेरफेर गरेको प्रमाणबाट पुष्टि हुन सकेको नदेखिंदा निजले आरोपित कसुरबाट सफाई पाउने।<br>**घ.**) सबै प्रतिबादीहरुलाई न्यूनतम सजाय गरे पनि सजायको उद्देश्यपूर्ति हुने भई न्यूनतम सजाय गर्न मानासिब हुने ।सोही कारण समेतबाट प्रस्तुत मुद्दामा प्रतिबादीहरू उपरको अन्य आरोपदाबी पुग्न नसक्ने। | मालपोत कार्यालयमा पत्राचार आफैद्वारा सहिछाप गरि पठाउने कार्य भएको तथा कि.नं. ३६ को हकमा सर्जमिन गराउँदा आवरण पत्र (Covering letter)मा उल्लेख गर्नै नपर्ने व्यहोरा “जग्गाधनी प्रमाण पूर्जा लिन मात्र बाँकि रहेको ” व्यहोरा लेखी भ्रष्ट्राचार कार्यमा बढवा दिएको कारणबाट भ्रष्ट्राचारको कसुर जानीजानी गरेको यस्तो परिप्रेक्ष्यमा पनि नीजलाई समेत अभियोग दावीको कसुर कायम गरेपछि न्यूनतम सजाय गरेको कार्य नमिलेको मात्र होइन विधायिकीद्वारा उचित प्रयोजनको लागि सजायमा अधिकतम र न्यूनतम सजाय दायरा ((Range) ,कैद तथा जरिवाना दुवैको हकमा) अपराध (Crime)को गाभिर्यता वमोजिम सजाय तोक्ने स्वविवेकीय अधिकार प्रत्यायोजन गरेको ब्यबस्थालाई तथा सजाय गर्ने निर्देशिका- भ्रष्ट्राचार सम्बन्धी सजाय निर्धारणको सामान्य मार्ग निर्देशन (सर्वोच्च अदालत) समेतलाई नमानी असान्दर्भिक र अमिल्दो तवरबाट न्यूनत्तम श्रेणी,दायरावाला सजाय गरेको हदमा मिलेको देखिएन।रक्षकको भुमिकामा रहेका निजामति कर्मचारीहरूका यस्ता अक्षम्मे अपराधमा तल्लो सजाय गरेको सो फैसला नमिलेको हुनाले ती फैसलाका सजायको मात्रा युक्तिसंगत र उपयूर्क्त देखिदैन।यस कारण अदालतले कसुर कायम गरेकोलाई यथावत राखी सजायको हदमा प्रतिवादीको आपराधिक गांभिर्यता(Gravity of crime )को अनुपातमा अधिक्तम सजाय कायम गरि पाउन पुनराबेदन जिकिर लिईएको। |